# योजना/कार्यक्रम संचालन तथा भुक्तानीका सम्वन्धमा गाउंपालिका कार्यालयको अनुरोध

- योजना/कार्यक्रम उपभोग गर्ने उपभोक्ता तथा लाभग्राहीहरुलाई उपभोक्ता समिति गठन गर्ने प्रयोजनका लागि भेला गराउने
- भेलाका वखत रजिष्टरमा व्यहोरा उल्लेख गरी वडा अध्यक्ष/वडा सदस्यको अध्यक्षतामा माइनुटलेखी उपस्थिति जनाइ सवैको हस्ताक्षर गर्ने
- उक्त भेलाले उपभेक्ता समिति/निर्माण समिति र अनुगमन समिति गठन गर्ने । उपभोक्ता समितिको अध्यक्ष,उपाध्यक्ष वा सचिव मद्धे कुने एक  पदमा कम्तीमा एकजना महिलालाई अनिवार्य सहभागी वनाउने समिति गठन संगै उक्त समितिको नाममा  नजिकको स्वीकृत प्राप्त वैंकमा समितिका कम्तीमा २ जना पदाधिकारीहरुको संयुक्त दस्तखतबाट योजनको कारोवार हुने गरी वैंकमा खाता खोल्नका लागि समितिबाट निर्णय गराउने वडा कार्यालय/गाउंपालिका कार्यालयबाट वैंकखाता खोल्नका लागि दस्तखत नमूना कार्ड सहित सिफारिस गरिने छ। उपभोक्ता समितिको नामवाट एउटा छाप तयार पर्ने।
- योजना संभ्फौताका लागि अध्यक्ष,उपाध्यक्ष वा सचिव कसलाइ तोक्ने हो निर्णयमा नै खुलाउने।
- उपभोक्ता समितिको माइनुटको प्रतिलिपि सहित योजना संभ्फौताका लागि उक्त योजनाको लागत इष्टिमेट सहित तोकिएको पदाधिकारी गाउंपालिकामा सम्पर्क राख्ने।
- प्राविधिकबाट तयार पारिएको लागत  इष्टिमेट अनुसार योजनको काम शुरु गर्ने
- ५ लाख र सो भन्दा वढी रकमका योजनाहरुका लागि योजना कार्यान्वयन स्थलमा एउटा होडिङग वोर्ड राख्ने उक्त होडिङवोर्डमा योजनाको नाम, स्थल,उपभोक्ता समितिका पदाधिकारीहरुको नाम र सम्पर्क फो. नं, योजना संभ्फौता भएको मिति, काम शुरु भएको मिति, काम सम्पन्न हुने मिति, योजनाको लागि विनियोनित रकम, जनसहभागितावाट संकलित रकम, श्रमदान, आदिजस्ता आवश्यककुराहरु उल्लेख गर्नुपर्ने।
- भौतिक संरचना भूकम्पीय जोखीमबाट वचाउनका लागि प्राविधिकबाट तयार पारेको डिजाइन समेत उल्लेख हुनु पर्ने, सामुदायिक भवन,गुम्वा,समाज घर जस्ता भौतिक संरचनाको निर्माणका हकमा अनिवार्य रुपमा एलिमेशन देखिने नक्सा तयार पारी सो को  एक प्रति नक्सा सहति संभ्फौताका वखत गाउंपालिकामा पेश गरी समर्थन गराउने।
- १ लाख रुपैया र सो भन्दा वढी लागत भएका योजनाहरुको हकमा योजना संचालन वा मर्मतका सिलसिलामा योजना शुरुहुनु पूर्वको अवस्थाको, योजना संचालनको क्रममा काम गर्दा गर्दैको कामदार समेत देखिने अवस्थाको र योजना सम्पन्न भए पश्चातको उक्त योजनाको अवस्था देखिने गरी स्थलगत कार्यको  कम्तीमा ३ चरणको फोटो खिचि उक्त फोटो समेत भुक्तानीका वखत समावेश गर्ने।
- लगत इष्टिमेट अनुसार सिमेन्ट,रड आवश्यक पर्ने योजनाको हकमा उक्त निर्माण समाग्री  खरिदगरेको भ्याट विल, लगायतका अन्य वील तथा ढुङगा ,गिटी,वालुवा,माटो जस्ता निर्माण सामाग्रीको हकमा प्राविधिकबाट डिटेल निर्माण समाग्रीको मुल्याङकन प्रतिवेदन लगायत भरपाइहरु समेत संलग्न गर्नु पर्ने।
- उक्त योजनाको अध्यक्ष उपाध्यक्ष लगायतका पदाधिकारीहरु र योजना अनुगमन समितिका पदाधिकारी हरुले समय समयमा काम गुणस्तर युक्त भए नभएको वारेमा स्थलगत  अनुगमन गरी कामको गुणस्तरीयतामा विश्वासनीय गराउने।
- उक्त योजना गाउंपालिका तथा वडा कार्यलय समेतबाट समय समयमा स्थलगत अनुगमन गर्न सकिने छ।

- कार्य सम्पन्न भए पश्चात वा यस वर्ष उक्त योजनामा काम नहुने भएपछि उपभोक्ता समितिको वैठक वसी काम सम्पन्न भएको वारेमा छलफल गर्ने र तत्सम्वन्धमा निर्णय गर्ने तथा अनुगमन समितिले समेत उक्त योजना समय समयमा अनुगमन गर्दा हर किसिमिले गुणस्तरीय रुपमा निर्माण भएको छ भन्ने व्यहोरा खुलाइ अनुगमन प्रतिवेदन तयार गर्ने ।
- उक्त कार्य सम्पन्न भएको व्यहोरा प्रमाणितका लागि प्राविधिकसंग सम्पर्क गरी जांच गर्न लगाउने र प्राविधिकले कामको मुल्याङकन गरी कार्य सम्पन्न/कार्यको मुल्याङकन गर्ने ।
- कार्य मुल्याङकन संगै नापी किताव लगायतका खर्च विवरणहरुको प्राविधिक प्रतिवेदन तयार पार्ने ।
- उपभोक्ता समिति समेतले स्थानीय योजनाबाट लाभान्वित हुने लाभग्राहीहरुलाई भेला जम्मा गराइ उनीहरु समक्ष योजना तथा योजना निर्माणका क्रममा भएका काम कारवाहीका वारेमा थप जानकारी दिइ गाउंपालिकावाट आएको रकम, निर्माण समाग्रीका लागि खर्च भएका रकम, अन्य खर्चभएको विवरण र आम्दानी तथा खर्चको कारोवार र योजनाका वारेमा थप स्पष्ट कुरा जनाइ सार्वजनिक परीक्षण फाराम लगायतका ३ वटा अनुसूचि फाराम भराइ सहि गराउने ।
- संकलन गरिएको वील भरपाइहरुको पछाडिपट्टी यो वील भरपाइ यो योजनामा खर्चभएको सामानको वील हो भन्ने व्यहोरा खुल्ने गरी उपभोक्ता समितिका अध्यक्षबाट प्रमाणित गरी समितिको छाप लगाउनु पर्ने ।
- प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन/कार्यमुल्याङकन सिफारिस,वील भरपाइ,उपभोक्ता समितिबाट भएका विभिन्न निर्णयका प्रतिलिपि, योजनाको संझौता फाराम,अनुगमन समितिको प्रतिवेदन,कुन वैंकको कुन खातामा रकम जम्मा गर्ने हो ? सो सम्वन्धी व्यहोरा खुल्ने गरी रकम भुक्तानीको लागि सिफारिसक लागि सम्वन्धित वडा अध्यक्ष समक्ष निवेदन गर्ने
- सर्वाजनिक परीक्षण लगायतका कार्य ठीकसंग भए नभएको स्थलगत अनुगमन गरी वडा अध्यक्षले उक्त योजनाका वारेमा व्यहोरा खुलाइ उपभोक्ता समितिले पेश गरेको सम्पूर्ण आवश्यक कागजात सहित रकम भुक्तानीका लागि गाउंपालिकामा सिफारिस गरी पठाउने ।
- गउंपालिकाले आवश्यकता अनुसार अनुगमन तथा नपुग कागजात समेत माग गरी माग वमोजिम रकम भुक्तानी दिने ।